सम्पर्क नं. ९८५४०२००६३
ईमेल : addprov2dhanusha@gmail.com
वेवसाईट: add.p2.gov.np

मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाभिजज, धनुषा, नेपाल

प.सं. ०७९/०८०
च.नं. ११०

मितिः२०७९/०५/०९

**विषयः- प्रस्ताव/आवेदन दर्ता गर्ने सम्वन्धमा।**

श्री कृषि ज्ञान केन्द्र,
सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा ।

प्रस्तुत विषयमा यस निर्देशनालयवाट मिति २०७९/०५/०८ गते प्रकाशित सूचना अनुसार आ.व.०७९/८०को स्वीकृत वार्षिक कार्यक्रम साझेदारीमा सोलार सिचाई प्रणाली स्थापना कार्यक्रमको खामवन्दी प्रस्ताव/आवेदन ताँहा कार्यालयमा छुट्टै रजिष्ट्रमा दर्ता गरी दिनु हुन अनुरोध छ । सो प्रस्तावहरु यस निर्देशनालयले संकलन गर्ने व्यहोरा समेत अनुरोध छ ।

Bikash
२०७९/०५/०९
.........................
विकाश कुमार शाह
कृषि अर्थ विज्ञ/आठौं

विकाश कुमार साह
कृषि अर्थ विज्ञ

**वोधार्थ**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम, धनुषा

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**
जनकपुरधाम, धनुषा, नेपाल

**[illegible] सिंचाई प्रणाली स्थापना कार्यक्रम**
**[illegible]**

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०८

यस निर्देशनालयको आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम, "निजी, सार्वजनिक, सहकारीको साझेदारीमा सोलार पम्प अनुदान कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७७" र "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम साझेदारीमा सोलर सिचाई प्रणाली स्थापना कार्यक्रम संचालनको लागि ईच्छुक कृषक(हरु), कृषक समुह, कृषि सहकारी संस्था, कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमीले तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी २०७९/०५/२२ गते कार्यालय समय भित्र सम्म यस निर्देशनालयमा आई पुग्ने गरी खामबन्दी आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। यस कार्यक्रमको लागि अधिकतम ८५ प्रतिशत अनुदान मात्र दिईनेछ। सोलर पम्पको मांग र वजेट उपलब्धता अनुसार जिल्लागत लक्ष्य निर्धारण गरिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश हुने छैन। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ । यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

<u>पेश गर्नु पर्ने विवरण र कागजातहरुः-</u>

१. अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।
२. आवेदक व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३. कृषक समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा दर्ता/नविकरण भएको र स्थाई लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि, PP Sizeको एक प्रति फोटो तथा अख्तियारी पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
४. मांग गरेको सोलार पम्प जडान हुने जग्गामा स्यालो ट्युवेल वा ईनार/पोखरी जस्ता पानीको श्रोतको GPS code, जग्गाधनी प्रमाणपुर्जा (सो नभए भोगाधिकार प्रमाण) को प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा र जडान हुने स्थानको पानीको श्रोत देखिने बोडिङ/इनार/पोखरी समेतको डिजिटल फोटो पेश गर्नु पर्ने छ । GPS code उल्लेख नभए सम्म आवेदकको प्रस्तावलाई मूल्याङ्कनमा समावेस गरिने छैन ।
५. कृषक समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा सोलर पम्प मांग गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि। कृषक समुह/सहकारी संस्थाको हकमा सामुहिक बोडिङ/इनार/पोखरी भएको प्रमाण ।

- निर्देशनालयले थप कागजातहरु मांग गरेमा पेश गर्नु पर्ने छ। ती कागजात बुझाउन नसके सम्झौता गरिने छैन।
- दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन तथा स्थलगत निरीक्षण गरी सोलर पम्प जडानको सम्भाव्यता र औचित्यको आधारमा सो प्रस्ताव छनौट सम्वन्धमा निर्देशनालयले निर्णय गर्नेछ।
- सोलर पम्प र उपकरणहरु यस निर्देशनालयमा सुचिकृत भएका आपुर्तिकर्तावाट खरिद गर्नु पर्ने छ। साथै साझेदारी वापतको १५% रकम अग्रिम वुझाउनु पर्ने छ ।
- थप जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थ विज्ञ श्री विकाश कुमार साह(मो.न. ९८५४०२२३७९) वा अधिकृत छैठौं श्री मोहन मिश्र (मो.न. ९८१२८७२३५१) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

..............................
डा. रत्न कुमार झा
निमित्त प्रमुख

डा. रत्न कुमार झा
निमित्त प्रमुख

मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा, नेपाल

# आ.व. ०७९/०८० को साझेदारीमा सोलार सिचाई प्रणाली स्थापना कार्यक्रम संचालन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/०५/०८**

यस निर्देशनालयको आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम, "निजी, सार्वजनिक, सहकारीको साझेदारीमा सोलार पम्प अनुदान कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७७" र "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम साझेदारीमा सोलर सिचाई प्रणाली स्थापना कार्यक्रम संचालनको लागि ईच्छुक कृषकहरु, कृषक समुह, कृषि सहकारी संस्था, कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमीले तोकिएको ढाँचामा मिति २०७९/०५/२२ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आई पुग्ने गरी खामवन्दी प्रस्ताव/आवेदन पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। यस कार्यक्रम अन्तरगत अनुदानग्राहीलाई अधिकतम ८५% सम्म अनुदान दिन सकिने छ । कार्यक्रमको संख्या माग र वजेट उपलब्धता अनुसार निर्धारण गरिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश गरिने छैन। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सूचना संग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ।यस सम्वन्धि विस्तृत सुचना, प्रस्ताव फारमको ढाँचा तथा अन्य थप जानकारी यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ।